नेपाल सरकार

खानेपानी तथा सरसफाई मन्त्रालय

खानेपानी तथा ढल निकास विभाग

**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नुवाकोट**

सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७४/०१/०१)

यस कार्यालय अन्तर्गत संचालित तपशिलमा उल्लेखित खानेपानी आयोजनाहरूको लागि आवश्यक जि.आई. पाइप तथा फिटिङ्गस् आपूर्ति गर्ने कार्य शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त इच्छुक नेपाली सप्लायर्सबाट निम्न शर्तहरूको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र तल दिए अनुसारको दरभाउपत्र खरिद दस्तुर (फिर्ता नहुने गरी) बुझाई लिखित निवेदनको साथमा दरभाउपत्रदाताको आ.व. २०७३/०७४ को लागि नविकरण भएको ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, करचुक्ता, प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न गरी यस कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. यसरी खरिद गरिएको दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरू सोही दिनको १४.०० बजे दरभाउपत्रदाता वा निजले रितपूर्वक पठाइएको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दर्ता तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त कार्यहरू क्रमश : हुनेछन् ।

३. दरभाउपत्रसाथ कबोल अंङ्को २.५% प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा ने.बै.लि. बिदुर, नुवाकोटमा रहेको २६-५१-७८९७ धरौटी खातामा जम्मा गरेको सक्कल बैक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको घटीमा एक सय पाँच दिन म्याद भएको बैक जमानीपत्र (बिडवण्ड) शिलबन्दी दरभाउपत्रसाथ अनिवार्य रूपमा समावेश भएको हुनु पर्नेछ ।

४. दरभाउपत्र दाताले दरभाउपत्रमा उल्लेखित कार्य विवरण (Bill Of Quantity) को प्रत्येक आईटमको नियमानुसार लाग्ने मूल्यअभिवृद्धि कर बाहेकको दररेट भरि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ । अङ्क र अक्षरमा दररेट फरक परेको देखिएमा अक्षरमा लेखेको दररेटलाई मान्यता दिइने छ ।

५. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

६. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्र सम्बन्धि कुनै कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयको फो.नं. (०१०-५६००६२) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

७. यस सुचनामा नखुलेको कुराहरूको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**कामको विवरण**

| क. सं. | ठेक्का नम्बर | आपूर्ति गर्नु पर्ने कामको विवरण | भ्याट बाहेक लागत रू. | दरभाउपत्र बिक्री दस्तुर (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | १०/२०७३/०७४ खा.पा.तथा स.डि.का.नुवाकोट | ढ्वाँचे खानेपानी आयोजनाको निजी धारा जडान कार्यको लागी आवश्यक एच.डि.पि. र जि.आई. फिटिङ्गसहरू । | १७,६९,८२१.०० | १०००.०० | |
| २ | ११/२०७३/०७४ खा.पा.तथा स.डि.का.नुवाकोट | बिभिन्न खानेपानी आयोजनाहरूको लागी आवश्यक जि.आई. पाइपहरू | ८,४५,७३३.०० | १०००.०० | |

डिभिजन प्रमुख